# पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६

**प्रस्तावनाः** मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित, मर्यादित एवं व्यावसायिक बनाउदै स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय पशुपन्छीजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहज रुपमा पुग्न सक्ने वातावरण श्रृजनाका लागि प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा व्यवस्था भए बमोजिम मन्त्रालय तथा मातहतका निकायहरुबाट सञ्चालन हुने पशुपन्छी विकास सम्बन्धी कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न,

प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि,** २०७६ बनाई लागू गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"अन्तरंग भेटेरिनरी सेवा"** भन्नाले कार्यालयमा पशुपन्छी दर्ता गरी उपचार सेवा सञ्चालन गर्ने कार्यलाई सम्झनु पर्छ।

(ख) **"कार्ययोजना"** भन्नाले सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्नको लागि साझेदारले पेश गरेको विस्तृत क्रियाकलाप, लागत, समय, स्थान र जिम्मेवारी सहितको प्रस्तावना सम्झनु पर्छ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ।

(घ) **"कृषक"** भन्नाले पशुपन्छी तथा मत्स्य पालन गर्ने किसान सम्झनु पर्छ।

(ङ) **"च्याप कटर मेसिन"** भन्नाले सुकेको वा हरियो घाँसलाई टुक्रा पार्ने स्वचालित वा मानवद्धारा सञ्चालित मेशिन सम्झनु पर्छ।

(च) **"छुर्पी एवं चिज"** भन्नाले स्वस्थ्य गाई/भैसी/भेडाबाख्राको दूधबाट बनेको स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय दुग्धजन्य पदार्थलाई सम्झनु पर्छ।

(छ) **"डेरी उद्योग"** भन्नाले दूध उत्पादन वा खरिद गरी दुग्धजन्य पदार्थको उत्पादन मार्फत विविधीकरण गर्ने उद्योगलाई सम्झनु पर्छ।

(ज) **"डेरी पसल"** भन्नाले उपभोक्तालाई स्वच्छ, स्वस्थ्य एवम् मापदण्ड पुरा भएको गुणस्तरीय दूध तथा दुधजन्य पदार्थहरु बिक्री वितरण गर्ने उदेश्यले निर्माण गरिएको दूध वा दुग्धजन्य पदार्थ बिक्री गर्ने गरी स्थापना भएको पसल सम्झनु पर्छ।

(झ) **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्छ।

(ञ) **"पशुपन्छी"** भन्नाले गाई/गोरु, भैसी/राँगा भेडा/वाख्रा, बंगुर/सुङ्गुर, हाँस/कुखुरा, घोडा, माछा र जङ्गली जनावरलाई सम्झनु पर्छ।

(ट) **"पाहा"** भन्नाले पहाडी खोलामा पाइने उभयचर (Water toad /Frog) लाई सम्झनु पर्छ।

(ठ) **"प्राविधिक"** भन्नाले पशु विज्ञान विषयमा कम्तिमा SEE वा सो सरह उतिर्ण गरेको व्यक्तिलाई सम्झनु पर्छ।

(ड) **"फार्म"** भन्नाले व्यावसायिक रुपमा पशुपन्छी तथा मत्स्य पालन गरेको स्थान र संरचनालाई सम्झनु पर्छ।

(ढ) **"बीमा कोष"** भन्नाले पशुपन्छी तथा मत्स्य सुरक्षणको लागि खडा गरिएको कोषलाई सम्झनु पर्छ।

(ण) **"मन्त्रालय"** भन्नाले प्रदेश सरकार, प्रदेश नं. ५, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(त) **"मासु पसल"** भन्नाले उपभोक्ताहरुलाई स्वच्छ, स्वस्थ्य एवं गुणस्तरीय मासु तथा मासुजन्य उत्पादनहरु बिक्री वितरण गर्ने उदेश्यले नियमानुसार दर्ता भई स्थापना भएको पसल सम्झनु पर्छ।

(थ) **"विशेषज्ञ"** भन्नाले कम्तिमा पशु चिकित्सा, पशु विज्ञान र मत्स्य विज्ञान/अक्वाकल्चर बिषयमा स्नातक उतिर्ण गरेको व्यक्ति सम्झनु पर्छ।

(द) **"समूह"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालनका लागि इच्छुक कृषकहरु भेला भई गठन भएको कृषकको समूहलाई सम्झनु पर्छ।

(ध) **"साझेदार"** भन्नाले पशुपन्छी विकास सम्वन्धी कार्यक्रम सहकार्यमा सञ्चालन गर्न इच्छुक कृषक/समूह/समिति/सहकारी/निजी फार्म समेतलाई जनाउँदछ।

(न) **"साझेदारी"** भन्नाले कार्यक्रम सञ्चालन गर्ने निकाय र पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालनका लागि इच्छुक साझेदारसँगको सहकार्यलाई जनाउँदछ।

(प) **"स्थानीय तह"** भन्नाले प्रदेश नं. ५ भित्रका गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्छ।

(फ) **"हेरालु"** भन्नाले बिरामी पशु भर्ना गरेको दिनदेखी पशु उपचार अवधिसम्म पशुको रेखदेखको लागि खटिने व्यक्तिलाई सम्झनु पर्छ।

३. <u>उद्देश्यः</u> यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन् :-

(क) मन्त्रालय र मातहतका निकायहरुबाट सञ्चालन हुने कार्यक्रमहरुलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने,

(ख) उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आय आर्जन र पोषण सुरक्षामा टेवा पुऱ्याउने,

(ग) जनचेतना अभिबृद्धिबाट स्वस्थ्य, स्वच्छ पशु तथा पशुजन्य उत्पादन बृद्धिगरी उपभोक्ता समक्ष पुर्याउन असल व्यवस्थापन अभ्यास (Good Management Practices) लाई प्रोत्साहन गर्ने,

(घ) अनुदान वितरण नीतिलाई प्रक्रियामूखी (Process Oriented) बाट परिणाममूखी (Output Oriented) तर्फ लैजाने,

(ङ) पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ उत्पादनलाई बजारीकरण तथा विविधीकरणमा जोड दिदै मूल्यश्रृखंलामा जोड दिने,

(च) उन्नत श्रोत केन्द्रहरुको विस्तार गरी पशुपन्छी, मत्स्य र घाँसमा प्रदेशलाई आत्म निर्भर बनाई निर्यातयोग्य बनाउन जोड दिने।

## परिच्छेद-२

## पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर

४. **कार्यक्रम सञ्चालन प्रक्रिया** : (१) कार्यालयले स्थानीय तहसँग समन्वय गरी स्थानीय आवश्यकता तथा माग अनुसार पशु स्वास्थ्य शिविर सञ्चालन गर्न स्थानीय तहको स्थान छनौट गर्न सक्नेछ।

(२) कार्यालयले आफ्नो कार्यक्षेत्रमा तोकिएको स्थानीय तह वा आवश्यकता अनुसार शिविर सञ्चालनको लागि स्थान र मिति तोकिएको सूचना जारी गर्नेछ।

(३) कार्यालयले विशेषज्ञ टोलि सहित शिविरका लागि आवश्यक पर्ने औषधी, खोप, उपकरण तथा अन्य आवश्यक सामग्री तथा तयारीको व्यवस्थापन गर्नेछ।

५. **खर्चको मापदण्ड** : (१) पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर कार्यक्रमको खर्चको मापदण्ड देहाय बमोजिम हुनेछ :-

| क. स. | क्रियाकलापहरु | लागत |
|---|---|---|
| १. | पशु स्वास्थ्य शिविर सम्बन्धी पम्प्लेट/श्रव्य/श्रव्यदृष्य तुल तथा ब्यानर निर्माण | ६५,००। |
| २. | औषधी खोप तथा अन्य सामग्री व्यवस्थापन | १,००,०००। |
| ३. | चियापान खर्च | १०,०००। |
| ४. | अस्थायी ट्रेभिज निर्माण तथा अन्य लजिस्टिक व्यवस्थापन | १०,०००। |
| ५. | इन्धन/दै.भ्र. भत्ता | २३,५००। |
| | जम्मा | १,५०,०००। |

(२) शिविर सञ्चालनका सम्पूर्ण क्रियाकलापहरु स्वीकृत बजेटको परिधि भित्र रही सञ्चालन गर्नु पर्नेछ।

(३) पशु स्वास्थ्य शिविर सञ्चालन गर्न जाने कर्मचारीहरुको दैनिक भ्रमण भत्ताको व्यवस्था प्रचलित आर्थिक ऐन अनुसार हुनेछ।

## परिच्छेद-३

## आयआर्जनका लागि भेडा/बाख्रापालन

६. **कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) कार्यक्रम कार्यान्वयन समितिले सम्भाव्यताको आधारमा पकेट क्षेत्र निर्धारण गर्नेछ।

(२) निर्धारण भएको पकेट क्षेत्रलाई लक्षित गरी अनुसूची-१ अनुसारको ढाँचामा १५ दिनको सूचना प्रकाशन गरिनेछ।

(३) ईच्छुक कृषक/समूह/समिति/सहकारी/निजी फर्महरुले अनुसूची-३ अनुसारको कागजातहरु संलग्न राखी अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना तयार गरी अनुसूची-२ बमोजिमको ढाँचाको निवेदन सूचनामा तोकिएको कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(४) छनौट भएका कृषक/समूह/समिति/सहकारी/निजी फर्महरुसँग कार्यालयले अनुसुची-६ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ।

(५) सहभागी कृषक समूह/समिति/सहकारी/निजी फर्महरुले २०% लागत साझेदारी गर्नु पर्नेछ। यस कार्यक्रममा २५ कृषक घरधुरी आवद्ध गरी कार्यक्रम सञ्चालन गरिनेछ।

७. **छनौटका आधारहरुः** कृषक छनोटका आधारहरु देहाय वमोजिम हुनेछन् :-

(क) पाँच वटा माउ बाख्रा/भेडा पालन गरेको वा पाल्ने इच्छा जाहेर भएको हुनु पर्नेछ।

(ख) बाख्रा/भेडा संख्याको आधारमा घाँस खेती भएको हुनु पर्नेछ।

(ग) खोर निर्माणको लागि प्राविधिक दृष्टिकोणवाट सुहाउँदो ठाउँ हुनु पर्नेछ।

(घ) जैविक सुरक्षा (Bio Security ) का उपायहरु अवलम्वन गरेको हुनु पर्नेछ।

(ङ) बाख्रा तथा भेडालाई संक्रामक रोग विरुद्ध खोप अनिवार्य लगाउनु पर्नेछ।

(च) वर्षमा २ पटक आन्तरिक तथा वाह्य परजिवी विरुद्ध ड्रेञ्चिङ्ग तथा डिपिङ्ग गराउनु पर्नेछ।

(छ) कम्तिमा १ रोपनीमा घाँस खेती (हिउदे, बर्षे, बहुबर्षे तथा डालेघाँस) गरेको हुनु पर्नेछ।

(ज) भौगोलिक हिसावले पायक पर्ने कृषकहरुलाई प्राथमिकता दिइनेछ।

(झ) कार्यक्रममा समावेश भएका कृषकहरुले बाख्रा/भेडाको बीमा अनिवार्य रुपमा गर्नु पर्नेछ।

८. **अनुदान रकमः** छनौट भएका समूह/सहकारीलाई स्वीकृत कार्यक्रम अनुसार बढीमा रु. ६,००,००० (छ लाख) अनुदान उपलब्ध हुनेछ। उक्त रकम देहाय बमोजिमको शीर्षकहरुमा खर्च गर्न सकिनेछ :-

(क) खोर निर्माण/सुधार अनुदान (खोर, टाटनो निर्माण, घाँस खुवाउने खुल्ला क्षेत्र),

(ख) मेशिनरी औजार/उपकरण (डिजिटल वईङ्ग ब्यालेन्स, ड्रेन्चिङ्ग गन, डिपिङ्ग ट्याङ्क आदि),

(ग) पशु आहारा (डाले तथा भुई घाँस तथा बीउ वेर्नाहरु),

(घ) होडिङ्ग वोर्ड, सार्वजनिक सुनुवाई आदि,

(ङ) पशु स्वास्थ्य (खोप, आन्तरिक तथा वाह्य परजीवि नियन्त्रण),

(च) क्षमता अभिबृद्धि (आन्तरिक भ्रमण/तालिम),

(छ) नश्ल सुधार (बोका/थुमा खरिद),

(ज) माथि उल्लेखित क्रियाकलाप बाहेक अन्य क्रियाकलापहरु थप गर्नु परेमा कार्ययोजनामा संलग्न गरी स्वीकृत पश्चात गर्न सकिनेछ।

## परिच्छेद-४

## मासु पसल सुधार कार्यक्रम

९. **कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) वार्षिक स्वीकृत कार्यक्रम अनुसार मन्त्रालय वा निर्देशनालय वा कार्यालयले मासु पसल सुधार कार्यक्रम सञ्चालन गर्नका लागि अनुसूची-१ बमोजिमको ढाँचामा १५ दिनको प्रस्ताव आव्हानको सूचना प्रकाशन गरिनेछ।

(२) मासु पसल सुधार कार्यक्रम सञ्चालन गर्दा मासुको बिक्री वितरणमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने मासु उद्यमी/मासु व्यावसायीहरुले प्राथमिकता पाउनेछन्।

(३) मासु पसल सुधार कार्यक्रम स्थानीय तहका सहरउन्मुख क्षेत्रलाई लक्षित गरी सञ्चालन गरिनेछ।

(४) यस कार्यक्रम अन्तर्गत छनौट हुने मासु पसल स्थानीय तह वा सरकारी निकायमा आधिकारिक दर्ता तथा नवीकरण हुनु पर्नेछ।

(५) मासु पसल सुधार कार्यक्रम सञ्चालनको लागि मूल्याङ्कन समितिले रीतपूर्वक पर्न आएका प्रस्तावहरुको अनुसूची-५ का आधारमा स्थलगत प्रमाणीकरण तथा अन्तिम मूल्याङ्कन गर्नेछ।

(६) छनौट भएका प्रस्तावकको कार्ययोजना स्वीकृत गरी अनुसूची-६ बमोजिम सम्झौता गरिनेछ।

(७) मासु पसल सुधार कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा २५ किलो मासु विक्री वितरण गरिरहेको हुनु पर्ने र ५०% लागत साझेदारी गर्नु पर्नेछ।

१०. **<u>मासु पसल सुधारका लागि मापदण्डः</u>** मासु पसल सुधार कार्यक्रम अन्तर्गत छनोट भएका प्रस्तावकहरुले कार्ययोजना स्वीकृत गराई देहाय बमोजिमको कार्यमा खर्च गर्न सक्नेछन्ः-

(क) मासु पसल कक्षको भित्तामा कम्तिमा ५ फिट सेतो टायल लगाउने र भुईमा मार्वल वा टायल बिछ्याउनु पर्ने,

(ख) पशुवध गर्दा निस्कने फोहोर व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने,

(ग) शौचालय र हात धुनका लागि वासिङ्ग वेसिन निर्माण/सुधार गर्ने,

(घ) पशुको प्रकार/किसिम अनुसारको मासु अलग-अलग राखी अलग-अलग बेच्नका लागी पार्टेशन गर्ने,

(ङ) वधस्थलमा काट्ने, भुत्लाउने र सफा गर्ने स्लाव निर्माण गर्ने,

(च) मासु राख्ने डिप फ्रिज, सोकेस फ्रिज र चिलर खरिद गरी व्यवस्थापन गर्ने,

(छ) वधस्थल तथा पसलमा प्रयोग हुने उपकरण तथा औजारहरु स्टेनलेस स्टिलको खरिद गर्ने (मासु झुण्डाउने हुक, स्टेनलेस स्टिल टेवल, चपिङ्ग टेवल, छुरी, चक्कु, डिजिटल तराजु, अचानो आदी),

(ज) मासु पसलमा काम गर्ने व्यक्तिले असल व्यवस्थापन अभ्यास (एप्रोन, गमवुट, मास्क, क्याप र ग्लोव) लगाउनु पर्ने,

(झ) सम्बन्धित साझेदारले स्वस्थ्यकर मासु बिक्री वितरण सम्बन्धी आचार संहिता (Good Meat Handling Practice) लागू गर्न प्रतिबद्ध हुनु पर्ने।

## परिच्छेद-५

## डेरी पसल निर्माण/सुधार कार्यक्रम

**११. डेरी पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन प्रक्रिया** :- (१) दुग्ध उत्पादक सहकारी संघ/संस्था, कृषक समूह/समिति, डेरी उद्योग, व्यावसायिक फार्म, कम्पनी, निजी उद्यमीहरुसँगको ५० प्रतिशत लागत साझेदारीमा डेरी पसल निर्माण/सुधारको कार्यक्रम सञ्चालन गरिनेछ।

(२) मन्त्रालय वा तोकिएको कार्यालयले डेरी पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन गर्नका लागि स्वीकृत कार्यक्रम, बजेट र अख्तियारी बमोजिम अनुसूची-१ अनुसार सूचना प्रकाशन गर्नेछ र ईच्छुक प्रस्तावकले अनुसूची-३ अनुसारका कागजातहरु, अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना सहितको प्रस्ताव समेत संलग्न राखी अनुसूची-२ बमोजिमको निवेदन सूचनामा तोकिएको कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) डेरी पसल सुधार कार्यक्रम सञ्चालनको लागि मूल्याङ्कन समितिले रीतपूर्वक पर्न आएका प्रस्तावहरुको अनुसूची-५ का आधारमा स्थलगत प्रमाणीकरण तथा अन्तिम मूल्याङ्कन गर्नेछ।

(४) छनौट भएका प्रस्तावकको स्वीकृत कार्ययोजना अनुसार अनुसुची-६ बमोजिम सम्झौता गरिनेछ।

**१२. डेरी पसल सुधारका लागि मापदण्ड** : (१) डेरी पसल निर्माण/सुधार कार्यक्रम सञ्चालन गर्दा दुग्ध उत्पादन, संकलन र बिक्री वितरणमा संलग्न दुग्ध उत्पादक सहकारी संघ/संस्था, कृषक समूह/समिति, डेरी उद्योग, व्यावसायिक फर्म, कम्पनी, निजी उद्यमीहरुलाई संलग्न गराइनेछ।

(२) डेरी पसल निर्माण/सुधार कार्यक्रममा सहभागी हुने प्रस्तावकले दैनिक कम्तिमा २०० लिटर दुध वा सो बराबरको दुग्धजन्य परिकार बिक्री वितरण गरेको हुनु पर्नेछ।

(३) सामान्यतया ८ देखि १२ फिट चौडाई र १० देखि २० फिट लम्वाई भएको पसल हुनु पर्नेछ।

(४) डेरी पसलको उँचाई न्यूनतम ८ फिट कायम रहने गरी सिलिङ्ग राखिएको र सिलिङ्ग धुलो मैलो नखस्ने र पानी नतप्किने (Dripping proof) बनाईएको हुनु पर्नेछ।

(५) डेरी पसलको भित्ता पक्की खालको र भित्ताको भित्री भागमा सेतो रङ्गको टायल लगाएको हुनु पर्नेछ।

(६) डेरी पसलको बिक्री कक्षको भुई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गरिएको वा टायल/मार्वल लगाई सजिलै सफा गर्न सकिने किसिमको हुनु पर्नेछ।

(७) डेरी पसल तथा आसपासको क्षेत्र सफा र आकर्षक हुनुका साथै फोहोर व्यवस्थापनको प्रवन्ध मिलाएको हुनु पर्नेछ।

(८) डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरु खिया नलागेको तथा फुडग्रेड स्टेनलेस स्टीलले बनेको हुनु पर्नेछ।

(९) डेरी पसलमा काम गर्ने व्यक्तिले असल व्यवस्थापन अभ्यास (एप्रोन, गमवुट, मास्क, क्याप र ग्लोव) अवलम्वन गर्नु पर्नेछ।

(१०) डेरी पसलमा जाली वा सिसा लगाएको हुनु पर्नेछ।

(११) डेरी पसल निर्माण/सुधार कार्यक्रम अन्तर्गत कार्यालयबाट प्रदान गरिने अनुदान रकम निम्न कार्यमा खर्च गर्न सकिनेछ :-

(क) बिक्री कक्ष निर्माण, टायल/मार्वल फिटिङ्ग, सेटिङ्ग एरेन्जमेन्ट, बोर्ड/व्यानर आदि,

(ख) मिल्क क्यान, मिल्क एनालाईजर, चिलर, डिप फ्रिज खरिद,

(ग) दूध प्याकेजिङ्ग मेशिन खरिद र जडान,

(घ) मिल्क डिस्पेन्सर खरिद,

(ङ) डेरी पसलको सजावट र फोहोर व्यवस्थापन आदि,

(च) पसलमा टायल लगाउन र सिलिङ्ग बनाउन,

(छ) डेरी पसलको बिक्री कक्षको भुई नचिप्लने, पानी नजम्ने र नसोस्ने किसिमले ढलान गर्न वा टायल/मार्वल लगाउन,

(ज) डेरी पसलमा प्रयोग गरिने औजार/उपकरणहरु फुडग्रेड स्टेनलेस स्टील खरिद गर्न,

(झ) डेरी पसलमा काम गर्ने व्यक्तिले असल व्यवस्थापन अभ्यास (एप्रोन, गमवुट, मास्क, क्याप र ग्लोव) का सामग्री खरिद गर्न,

(ञ) डेरी पसलमा जाली/ढोका व्यवस्थापन।

## परिच्छेद-६

## चयापकटर वितरण

**१३. कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) व्यावसायिक पशुपालन गरेका कृषक समूह/समिति/सहकारी/निजी फर्महरुलाई आहाराको समुचित उपयोग गर्न च्यापकटर खरिद तथा जडानमा ५०% लागत साझेदारीमा यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) स्वीकृत कार्यक्रम, बजेट र अख्तियारी बमोजिम अनुसूची-१ अनुसार व्यावसायिक पशुपालन फार्महरुलाई लक्षित गरी १५ दिनको सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) प्रस्तावकले अनुसूची-३ अनुसारका कागजातहरु, अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना सहितको प्रस्ताव समेत संलग्न राखी अनुसूची-२ बमोजिमको निवेदन सूचनामा तोकिएको कार्यालयमा पेश गर्नु पर्नेछ।

(४) च्यापकटर खरिद तथा जडानको लागि मूल्याङ्कन समितिले रीतपूर्वक पर्न आएका प्रस्तावहरुको अनुसूची-५ का आधारमा स्थलगत प्रमाणीकरण र अन्तिम मूल्याङ्कन गर्नु पर्नेछ।

(५) छनौट भएका प्रस्तावकको कार्ययोजना स्वीकृत गरी कार्यालयले अनुसुची-६ बमोजिम सम्झौता गर्नेछ।

## परिच्छेद-७

## अन्तरंग भेटेरिनरी सेवा

**१४. कार्यक्रम सञ्चालन प्रक्रियाः** (१) सेवा सञ्चालन गर्ने कार्यालयले अन्तरंग सेवा सञ्चालनका लागि आवश्यक परेमा बिरामी पशुपन्छी भर्ना गरी सघन उपचारको व्यवस्था गर्नु पर्नेछ।

(२) बिरामी पशुपन्छीको हेरचाहको लागि हेरालुको व्यवस्था गरिनेछ। हेरालुलाई हेरचाह गरे बापत अर्धदक्ष ज्यामीको दैनिक पारिश्रमिक जिल्ला दररेट अनुसार उपलब्ध गराईनेछ।

(३) अन्तरंग उपचार सेवाको लागि विशेषज्ञ/प्राविधिक आवश्यकता अनुसार कार्यालय वा बाहिरबाट व्यवस्था गर्न सकिनेछ।

(४) बिरामी पशुपन्छीलाई ल्याउने/लैजाने कार्य र उपचार क्रममा मृत्यु हुन गएमा सो पशुपन्छीको मृत शरीरलाई सम्बन्धित पशु धनीले व्यवस्थापन गर्नु पर्नेछ।

(५) बिरामी पशुपन्छीको दानापानी, सरसफाई र कार्यालयबाट उपलब्ध हुन नसक्ने औषधीहरु सम्बन्धित पशु धनीले उपलब्ध गर्नु गराउनु पर्नेछ।

(६) उपलब्ध स्रोत साधनको परिधि भित्र रही सामुदायिक पशुपन्छीको उपचारको प्रवन्ध गरिनेछ।

(७) अन्तरंग उपचार सेवामा खटिने प्राविधिक/विशेषज्ञलाई खटिएको अवधिमा कार्यालय समयको अघि पछि सेवा गरेवापत प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ (संसोधन सहित) अनुरुप सुविधा उपलब्ध हुनेछ।

(८) अन्तरंग उपचार सेवा सञ्चालन गर्न चाहिने प्राविधिक/विशेषज्ञ कार्यालय प्रमुखले आवश्यकता अनुसार खटाउन सक्नेछ।

(९) कार्यालयले नेपाल सरकारबाट निर्णय भएका निशुल्क उपलब्ध हुने औषधीहरुको सूची अनुसारका औषधिहरु खरिद गरी उपलब्ध गराउनु पर्नेछ।

१५. **विशेषज्ञ तथा हेरालुको काम, कर्तव्यः** (१) विशेषज्ञ/प्राविधिकको काम, कर्तव्य देहाय बमोजिमको हुनेछ :-

(क) बिरामी पशुको उपचार गर्ने,

(ख) जैविक सुरक्षा व्यवस्थापन गर्ने,

(ग) बिरामी तथा पशुधनीलाई शिष्ट, नम्र तथा सेवाभावको व्यवहार गर्नुपर्ने,

(घ) आवश्यकता अनुसारको उपचार सेवा उपलब्ध गराउने,

(ङ) अन्तरंग कक्षको पूर्ण सरसफाई तथा फोहोर व्यवस्थापन मिलाउने।

(२) हेरालुको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) बिरामी पशुको हेरचाह गर्ने,

(ख) आवश्यक परेमा विशेषज्ञ/प्राविधिकलाई सूचना दिने,

(ग) आवश्यकता अनुसार अन्य कार्य गर्ने।

(३) अन्तरंग उपचार सेवा सञ्चालन गर्न चाहिने प्राविधिक/विशेषज्ञलाई कार्यालय प्रमुखले आवश्यकता अनुसार खटाउन सक्नेछ।

## परिच्छेद-८

## स्थानीय तहको सहकार्यमा एकीकृत फार्म स्थापना

१६. **कार्यक्रम सञ्चालन प्रक्रियाः** (१) कार्यालयले स्थानीय तहको सहकार्यमा कार्यक्रम सञ्चालन गर्नका लागि वार्षिक स्वीकृत कार्यक्रम, बजेट र अख्तियारी बमोजिम स्थानीय तहको सहकार्यमा एकीकृत फार्म स्थापना गरिनेछ।

(२) स्थानीय तहको सहकार्यमा एकीकृत फार्म स्थापना कार्यक्रम सञ्चालन गर्दा व्यावसायिक रुपमा पशुपन्छी वा मत्स्य व्यवसायको कम्तिमा दुई पशुपालन व्यवसायमा संलग्न रही व्यवसाय गरी राखेको वा गर्न चाहने कृषक, उद्यमी/समूह र कृषि सहकारीहरुले प्राथमिकता पाउनेछन्। यस कार्यक्रमको सञ्चालनमा कार्यालयले ५० प्रतिशत र स्थानीय तह र कृषकको क्रमशः ३५ र १५ प्रतिशत वा प्रस्तावकको ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तहको लागत साझेदारीको हकमा प्रस्ताव पेश गर्दा स्थानीय तहको प्रतिवद्धता अनिवार्य संलग्न गर्नु पर्नेछ।

(३) स्थानीय तहको सहकार्यमा एकीकृत फार्म स्थापना कार्यक्रम दुध, फुल, माछा र मासु उत्पादन गर्ने क्रियाकलापहरुलाई लक्षित गरी सञ्चालन गरिनेछ।

(४) यस कार्यक्रम अन्तर्गत छनौट भएका स्थानीय तहहरुले देहाय अनुसारको मापदण्ड पुरा भएका कृषक, उद्यमी/समूह र कृषि सहकारीहरुलाई कार्यक्रम कार्यान्वयन गर्न सम्झौता गर्नु पर्नेछ :-

(क) दुहुनो गाई १५ गोटा,

(ख) दुहुनो भैंसी १० गोटा,

(ग) मिश्रित गाई भैंसी पालनको हकमा दुहुनो पशु १५ गोटा,

(घ) माउ भेडा/बाख्रा ५० गोटा,

(ङ) माउ बंगुर १० गोटा र मासु उत्पादनको लागि ३० गोटा,

(च) लेयर्स कुखुरा कम्तिमा २००० गोटा,

(छ) स्थानीय कुखुरा १००० गोटा,

(ज) माछापालन पोखरी तराईमा १ हेक्टर र पहाडमा ५ रोपनी।

(५) कार्यक्रम सञ्चालनको लागि कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा १५ दिनको सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्नेछ।

(६) प्रस्तावकले अनुसूची-३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना सहितको प्रस्ताव तयार गरी अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन सूचनामा तोकिएको कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(७) मूल्याङ्कन समितिले रीतपूर्वक पर्न आएका प्रस्तावहरुको अनुसूची-५ का आधारमा स्थलगत प्रमाणीकरण र अन्तिम मूल्याङ्कन गर्नु पर्नेछ।

(८) छनौट भएका कृषक/समूह/समिति/सहकारी/फर्महरुसँग स्थानीय तह र कार्यालय बीच कार्ययोजना स्वीकृत गरी अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

(९) स्थानीय तहको सहकार्यमा एकीकृत फार्म स्थापना कार्यक्रम अन्तर्गत छनौट भएका व्यवसायीहरुले अनुदान रकम निम्न कार्यमा खर्च गर्न सक्नेछन् :-

(क) फार्मको जैविक सुरक्षा सहित गोवर ग्यास प्लान्ट निर्माण तथा वायो ईलेक्ट्रिसिटी उत्पादन लगायतका पूर्वाधार निर्माण (४० देखि ६० प्रतिशत),

(ख) एकीकृत फार्म सञ्चालन तथा उत्पादित बस्तुको प्रशोधन, विविधीकरण र बजारीकरणको लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरु, (२० देखि ४० प्रतिशत) र

(ग) पशुपन्छी खरिद, आहारा तथा औषधि व्यवस्थापन (बढीमा २० प्रतिशत)।

(१०) कार्यालयले सम्बन्धित फार्म स्थापना गर्ने कृषक/समूह/ समिति/सहकारीलाई स्वीकृत कार्ययोजना अनुसार कार्य प्रगति/सम्पन्न भएको अनुगमन मूल्याङ्कन प्रतिवेदन तथा स्थानीय तहको सिफारिसको आधारमा अनुदान रकम निकासाको प्रक्रिया अगाडि बढाईनेछ।

## परिच्छेद-९

## उन्नत पशुपन्छी श्रोत केन्द्र स्थापना (गाई, भैसी, बंगुर र बाख्रा) कार्यक्रम

१७. **कार्यक्रम सञ्चालन प्रक्रिया**: (१) पशुपालक फार्म/कृषक/समूह/समिति/सहकारीहरुलाई लक्षित गरी ५० प्रतिशत लागत साझेदारीमा यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) कार्यालय/निर्देशनालयले जिल्लास्तरमा उन्नत पशुपन्छी श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गर्न अनुसूची-१ बमोजिम ढाँचामा राष्ट्रिय स्तरको पत्रिकामा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ।

(३) ईच्छुक साझेदारले अनुसूची-३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना सहितको प्रस्ताव तयार गरी अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन सूचनामा तोकिएको कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(४) पशुपालनमा व्यवसाय उन्मुख भएका फार्म/कृषक/समूह/समिति/सहकारीलाई प्राथमिकता दिइनेछ।

(५) उन्नत पशुपन्छी श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालनको लागि कार्यालयले रितपूर्वक पर्न आएका प्रस्तावहरुलाई मूल्याङ्कन समितिले अनुसूची-५ को आधारमा स्थलगत प्रमाणीकरण तथा प्रस्ताव मूल्याङ्कन गरी छनौट गर्नेछ।

(६) छनौट भएका प्रस्तावकहरुको कार्ययोजना स्वीकृत गरी अनुसूची-६ अनुसार सम्झौता गरिनेछ।

(७) यसरी स्थापना भएका स्रोतकेन्द्रले फार्ममा भएका माउ तथा भाले पशुपन्छीको पेडिग्री (बंशाणुगत गुण) अभिलेख राख्नु पर्नेछ। यस्ता फार्मलाई भविष्यमा प्रदर्शन, तालिम तथा उपयुक्त जातहरुको विस्तार तथा प्रसारको लागि प्रयोग गर्न सकिनेछ।

(८) साझेदार संस्थाले अनुदान बापतको रकम उचित प्रकारको गोठ व्यवस्थापन, मेशिनरी औजार, भौतिक संरचना, आहारा, प्रजनन, पशु स्वास्थ्य, जैविक सुरक्षा, क्षमता अभिबृद्धि, बजार व्यवस्थापन, उन्नत जातको पशु व्यवस्थापन जस्ता कार्यमा खर्च गर्न सक्नेछ।

(९) छनौट भएको प्रस्तावकले स्रोतकेन्द्र स्थापना गरी कम्तिमा ५ बर्षसम्म सञ्चालन गर्नु पर्नेछ। सो कार्य नगरेको पाईएमा अनुदान रकम अनुदानग्राहीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१८. **श्रोत केन्द्र स्थापनाका मापदण्डहरु** : श्रोत केन्द्र स्थापनाका मापदण्डहरु देहाय बमोजिम हुनेछ :-

(क) गाई/भैसी/बाख्रा/बंगुरको लागि पशुसंख्याको मापदण्ड तपसिल बमोजिमको हुनेछ :-

| **विवरण** | छनौटका लागि हुनुपर्ने माउ पशु संख्या | | | | कार्यक्रमको अन्त्यमा पुर्याउनुपर्ने माउ पशु संख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | गाई | भैसी | बाख्रा | बंगुर | गाई | भैसी | बाख्रा | बंगुर |
| निजी व्यवसायी/फर्म | १०० | ६० | ३०० | ७५ | १५० | ८० | ४०० | १५० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कृषक समूह/समिति/सहकारी | २५० | १५० | ५०० | २०० | ४०० | २५० | ८०० | ४०० |

(ख) कृत्रिम गर्भाधान मार्फत प्रजनन् गराउनु पर्ने,

(ग) श्रोत केन्द्र रहने स्थानमा सडक, सञ्चार, सिंचाई, पानी र बिजुली जस्ता भौतिक पूर्वाधारहरुको सुविधा भएको हुनु पर्ने,

(घ) व्यावसायिक रुपमा फार्म सञ्चालन भइरहेको तथा विस्तारको लागि सम्भावना भएको पकेट क्षेत्रहरु हुनु पर्ने,

(ङ) बाह्रै महिना हरियो घाँसपात उपलब्ध हुन सक्ने स्थान,

(च) बंगुरको हकमा स्थानीय स्तरमा नरम घाँसपात उत्पादन हुने र नियमित रुपमा दानाको उपलब्धता हुन सक्ने स्थान,

(छ) निजी फार्मको लागि न्यूनतम २५ विगाहा जग्गा हुनु पर्ने वा भाडामा भए कम्तिमा १० बर्षको लागि भाडामा लिएको सम्झौता गरी घाँस खेती गरिएको हुनु पर्ने,

(ज) गाई भैसीको हकमा वार्षिक रुपमा ५० कोरली/थोरे पाँडी वा दुहुनो बिक्रीको लागि उपलव्ध गराउन प्रतिवद्ध हुनु पर्ने,

(झ) बाखा/भेडाको हकमा वार्षिक रुपमा १०० पठेग्रा/पठेङग्री बिक्रीको लागि प्रतिवद्ध हुनु पर्ने,

(ञ) बंगुरको हकमा वार्षिक रुपमा १५० पाठापाठी बिक्रीको लागि प्रतिवद्ध हुनु पर्नेछ।

## परिच्छेद-१०

## दाना तथा घाँस उत्पादनका लागि (मकै/भट्टमास उत्पादन तथा साईलेज निर्माण) कार्यक्रम

१९. **कार्यक्रम सञ्चालन प्रक्रिया** : (१) कार्यक्रम सञ्चालनका लागि कार्यालयले व्यावसायिक कृषक/समूह/समिति/सहकारी/कृषि तथा पशुपालन फार्म र दाना तथा साईलेज उत्पादन उद्योगहरुलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा दैनिक पत्रिकामा १५ दिनको सूचना प्रकाशन गरी प्रस्तावहरु माग गरिनेछ।

(२) प्रस्तावकले अनुसूची-३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना सहितको प्रस्ताव तयार गरी अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन सूचनामा तोकिएको कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(३) मकै तथा भटमास खेति गर्न सहभागी हुने प्रस्तावकले कुनै एक वा एक भन्दा बढी पशुपन्छी फार्म वा दाना तथा साइलेज उत्पादन गर्ने उद्योग वा सहकारी मार्फत खरिदको प्रतिवद्धता-पत्र (सम्झौता) पेश गर्नु पर्नेछ।

(४) कार्यक्रम सञ्चालनको लागि कार्यालयले रितपूर्वक पर्न आएका प्रस्तावहरुलाई मूल्याङ्कन समितिले अनुसूची-५ को आधारमा स्थलगत प्रमाणीकरण तथा प्रस्ताव मूल्याङ्कन गर्नेछ।

(५) छनौट भएका प्रस्तावकहरुको कार्ययोजना स्वीकृत गरी अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ।

(६) स्थापना भएका स्रोतकेन्द्रलाई भविष्यमा प्रदर्शन, तालिम तथा उपयुक्त जातहरुको विस्तार तथा प्रसारको लागि प्रयोग गर्न सकिनेछ।

(७) मकै तथा भटमास उत्पादनको लागि अनुसूची-७ बमोजिम उल्लेख भए अनुसारको खेती पद्धती अपनाउनु पर्नेछ। सोहि बमोजिम अनुदान रकम उपलब्ध गराइनेछ।

(८) छनौट भएको प्रस्तावकले स्रोतकेन्द्र स्थापना गरी कम्तिमा ५ बर्षसम्म सञ्चालन गर्नुपर्नेछ। सो कार्य नगरेको पाईएमा अनुदानग्राहीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(९) उत्पादित मकै तथा भटमास वा घाँसको बजारीकरण कार्यको लागि सम्बन्धित अनुदानग्राहीले सुनिश्चितताको लागि अग्रीम सम्झौता पेश गर्नु पर्नेछ।

२०. **कार्यक्रम सञ्चालनका मापदण्डहरु :** दाना तथा घाँस उत्पादन कार्यक्रममा सहभागी हुन तथा सञ्चालनको लागि देहाय बमोजिमको मापदण्ड पुरा गर्नु पर्नेछ :-

| मकै तथा भटमास उत्पादन कार्यको लागि खेती गर्ने जग्गाको न्यूनतम मापदण्ड | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | विवरण | न्यूनतम क्षेत्रफल | | अधिकतम क्षेत्रफल | |
| | | तराई हेक्टर | पहाड रोपनी | तराई हेक्टर | पहाड रोपनी |
| १ | कृषक | १ | १० | ५ | १०० |
| २ | कृषि तथा पशुपालन फार्म | ५ | ८० | १० | २०० |
| ३ | दाना तथा साईलेज उत्पादन उद्योग/सहकारी | १० | १५० | २० | ४०० |

## परिच्छेद-११

## आयमूलक पाहापालन कार्यक्रम

२१. **कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) कार्यालयले आयमूलक पाहापालन कार्यक्रम सञ्चालन गर्नका लागि वार्षिक स्वीकृत कार्यक्रम, बजेट र अख्तियारी बमोजिम ५०% लागत साझेदारीमा कार्यालयले व्यावसायिक कृषक/समूह/समिति/सहकारी/लक्षित वर्ग/निजी फर्महरुले अनुसूची-१ को ढाँचामा १५ दिनको सूचना प्रकाशन गरी प्रस्तावहरु माग गर्न सक्नेछ।

(२) कार्यक्रम सञ्चालन गर्दा पाहापालनको लागि व्यवस्थित गर्न चाहने कृषक/समूह/सहकारी/लक्षित समूहहरुले प्राथमिकता पाउनेछन्।

(३) कार्यक्रममा सहभागी हुने प्रस्तावकले सो विषयमा अनुभव हासिल गरेको हुनु पर्नेछ।

(४) प्रस्तावकले अनुसूची-३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना सहितको प्रस्ताव तयार गरी अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन सूचनामा तोकिएको कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(५) आयमूलक पाहापालन कार्यक्रम सञ्चालनको लागि सम्बन्धित कार्यालयले रितपूर्वक पर्न आएका प्रस्तावहरुलाई मूल्यङ्कन समितिले अनुसूची-५ अनुसार स्थलगत प्रमाणीकरण तथा प्रस्ताव मूल्याङ्कन गर्नेछ।

(६) मूल्याङ्कन समितिबाट सिफारिस भएका प्रस्तावहरुको स्वीकृति कार्यक्रम कार्यान्वयन समितिले उपयुक्तताको आधारमा गर्नेछ।

(७) छनौट भएका प्रस्तावकहरुको कार्ययोजना स्वीकृत गरी अनुसूची-६ अनुसार सम्झौता गरिनेछ।

(८) आयमूलक पाहापालन कार्यक्रम अन्तर्गत छनौट भएका प्रस्तावकहरुले अनुदान रकम निम्न कार्यमा खर्च गर्न सक्नेछन् :-

(क) आयमूलक पाहापालन कार्यक्रम सञ्चालनका लागि पूर्वाधार निर्माण(मपोखरी निर्माण, तारजाली आदी),

(ख) प्रशोधन तथा बजारीकरण र

(ग) पाहापालनमा प्रयोग हुने आवश्यक औंजार उपकरणहरु खरिद।

## परिच्छेद-१२

## घाँसे बाली स्रोत केन्द्र स्थापना

२२. **कार्यक्रम सञ्चालनका प्रक्रिया** : (१) घाँसे बाली स्रोत केन्द्र स्थापना स्वीकृत कार्यक्रम, बजेट र अख्तियारी रकमको ५०% लागत साझेदारीमा सञ्चालन गरिनेछ।

(२) कार्यालयले कृषक/समूह/समिति/सहकारीहरुलाई लक्षित गरी अनुसुची-१ बमोजिमको ढाँचामा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नेछ।

(३) प्रस्तावकले अनुसूची-३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना सहितको प्रस्ताव तयार गरी अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन सूचनामा तोकिएको कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(४) कार्यक्रम सञ्चालनको लागि सम्बन्धित कार्यालयले रितपूर्वक पर्न आएका प्रस्तावहरुलाई मूल्याङ्कन समितिले अनुसूची-५ बमोजिम स्थलगत प्रमाणीकरण तथा प्रस्ताव मूल्याङ्कन गर्नेछ।

(५) मूल्याङ्कन समितिबाट सिफारिस भएका प्रस्तावहरु कार्यक्रम कार्यान्वयन समितिले उपयुक्तताको आधारमा स्वीकृत गर्नेछ।

(६) छनौट भएका प्रस्तावकहरुको कार्ययोजना स्वीकृत गरी अनुसूची-६ अनुसार सम्झौता गरिनेछ।

(७) यसरी स्थापना भएका घाँसे बाली स्रोत केन्द्रलाई भविष्यमा प्रदर्शन, तालिम तथा उपयुक्त जातहरुको विस्तार तथा प्रसारको लागि प्रयोग गर्न सकिनेछ।

(८) छनौट भएको प्रस्तावकले स्रोतकेन्द्र स्थापना गरी कम्तिमा ५ बर्षसम्म सञ्चालन गर्नुपर्नेछ। सो कार्य नगरेको पाईएमा अनुदानग्राहीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(९) कृषक समूहको हकमा कम्तिमा १० जना सदस्य हुनु पर्नेछ।

(१०) बिउ उत्पादक कृषक समूह गठन गर्दा सम्भाव्यताको आधारमा युवा, महिला, दलित, न्यून आयस्रोत भएका सीमान्तकृत समूह जस्ता समूहलाई प्राथमिकता दिनु पर्नेछ।

(११) घाँस खेतीमा व्यवसायोन्मुख भएका कृषक/समूह/समिति/सहकारी/निजी फर्मलाई प्राथमिकता दिइनेछ।

(१२) बिउ बृद्धिबाट उत्पादित घाँसको बीउको बजार व्यवस्था कृषक/समूह/समिति/सहकारी/निजी फर्म आफैंले गर्नु पर्नेछ र मन्त्रालय तथा मातहतका कार्यालयलाई आवश्यक परेमा सरकारी दररेटमा उपलब्ध गराउनु पर्नेछ।

(१३) बिउ बृद्धिमा संलग्न कृषकहरुले बीउ उत्पादन प्रविधि अनुसार नै बीउ उत्पादन गर्नु पर्नेछ। यस सम्बन्धी तालिम तथा क्षमता अभिबृद्धि कार्यक्रम सम्बन्धित निकायले गर्नेछ।

(१४) छनौट भएका कृषक/समूह/समिति/सहकारी/नजी फर्मले जिल्लाको माग बमोजिम घाँस खेती तथा घाँसका बिउ/सेट्स/स्लिप/बेर्नाहरुको उत्पादन गर्नु पर्नेछ।

(१५) स्थापना भएका घाँसको स्रोत केन्द्रमा भविष्यमा प्रदर्शन, तालिम तथा उपयुक्त जातहरुको विस्तार तथा प्रसारको लागि प्रयोग गर्न सकिनेछ।

(१६) छनौट भएका कृषक समूह/समिति/सहकारी/निजी फर्मले घाँसे बाली स्रोत केन्द्र स्थापनाको लागि गुणस्तरीय बिउको प्रयोग गर्नु पर्नेछ।

(१७) कृषक/समूह/समिति/सहकारीले घाँसे बाली स्रोत केन्द्र स्थापनाको लागि तराईमा कम्तिमा १ हेक्टर तथा पहाडमा १० रोपनी हुनु पर्नेछ।

(१८) छनौट भएका कृषक/समूह/समिति/सहकारी/निजी फर्मलाई घाँसको नर्सरी स्थापना, सिंचाई व्यवस्थापन, घाँस खेतीमा प्रयोग हुने यन्त्र उपकरण खरिद, ग्रेडिङ्ग मेशिन, बिउ भण्डारण तथा सञ्चय, थ्रेसिङ्ग फ्लोर निर्माण, घाँसको बीउ/सेट्स/स्लिप/बेर्नाहरु खरिद गर्न सकिनेछ।

(१९) मन्त्रालय वा मन्त्रालय मातहतको निकायबाट विगत दुई आर्थिक वर्ष भित्र सोही बिषयमा अनुदान प्राप्त गरेका अनुदानग्राहीलाई यस कार्यक्रममा समावेश गरिने छैन।

## परिच्छेद-१३

## <u>पशुपन्छी सम्बन्धी जानकारी/प्रवर्द्धन/दिवस/महोत्सव</u>

(रेविज, भेटेरिनरी, दुग्ध, पशुपन्छी, अण्डा दिवस आदि )

२३. **कार्यक्रम सञ्चालन प्रक्रिया** : (१) कार्यालयले आफ्नो वार्षिक स्वीकृत कार्यक्रममा बजेट व्यवस्था गरी विश्व रेविज दिवस, विश्व भेटेरिनरी दिवस, विश्व दुग्ध दिवस, विश्व पशुपन्छी दिवस, विश्व अण्डा दिवस, विश्व मात्स्य दिवस/महोत्सवहरुको आयोजना गर्नेछ।

(२) दिवस/महोत्सवलाई प्रभावकारी बनाउन सरोकारवालाको बैठक बोलाई आवश्यक छलफल, पूर्व तयारी र जिम्मेवारी बाँडफाँड गर्न सकिनेछ।

(३) कार्यक्रमका लागि विनियोजित बजेट निम्न कार्यमा खर्च गर्न सकिनेछः-

(**क**) दिवसका लागि आवश्यकता अनुसार सवारी साधन र अन्य उपयुक्त साधन भाडामा लिन,

(**ख**) इन्धन खरिद र विद्युतीय सामग्री खरिद वा भाडामा लिन,

(**ग**) सजावटका सामग्रीहरु तुल, व्यानर, पोस्टर छपाई, सान्दर्भिक डमी खरिद/ निर्माण र ढुवानी,

(**घ**) दिवस/महोत्सवमा संलग्न हुनेहरुको खाजा, पानी, स्टेसनरी खर्च।

## परिच्छेद-१४

## <u>सचेतना/जनचेतना/ज्ञान सूचना इकाई कक्ष/कार्यक्रम</u>

२४. **<u>कार्यक्रम सञ्चालन हुने क्षेत्रहरु</u>** : कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार सचेतना, जनचेतना, ज्ञान सूचना इकाई कक्ष अभिवृद्धि सम्बन्धी निम्न कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ :-

(क) स्वच्छ माछा, मासु, फुल उत्पादन र उपभोग प्रवर्द्धनका लागि सचेतना गोष्ठी,

(ख) स्वच्छ दुध उत्पादन र उपभोग प्रवर्द्धनका लागि सचेतना गोष्ठी,

(ग) गुइठा व्यवस्थापनका लागि सचेतना अभियान,

(घ) स्थानीय तहका प्राविधिक तथा सरोकारवालाहरु सँग अन्तरक्रिया,

(ङ) पशुपन्छी बीमा सम्बन्धी गोष्ठी,

(च) जनचेतनामूलक सामग्रीहरुको छपाई र वितरण,

(छ) ज्ञान सूचना इकाई कक्ष स्थापना।

२५. **कार्यक्रम सञ्चालन प्रक्रिया:** (१) कार्यालय र स्थानीय तहको समन्वयमा सरोकारवालाहरुलाई आमन्त्रण गरी पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थ उत्पादक, संकलक, प्रशोधक, व्यवसायी, व्यापारी, उपभोक्ता, सञ्चारकर्मी आदिको सचेतना अभिवृद्धिसँग सम्बन्धित बिषयमा कार्यलयले अन्तरक्रिया गोष्ठीहरुको आयोजना गर्न सक्नेछ।

(२) गोष्ठीको उद्देश्यसँग मेल खानेगरी दुध, फुल र माछा मासु जस्ता पशुजन्य पदार्थको उत्पादन, सङ्कलन, प्रशोधन, भण्डारण र बजारीकरणमा गर्नुपर्ने सुधार तथा पशु वधशाला/वधस्थल र मासु पसल सुधार सम्वन्धी विद्यमान ऐन कानूनको कार्यान्वयनलाई सघाउ पुग्ने किसिमका कार्यपत्रहरु प्रस्तुत गर्न सकिनेछ।

(३) सचेतनामूलक गोष्ठी र अन्तरक्रिया कार्यक्रमहरुमा उपभोक्ता हित संघ/संस्थासँगको समन्वय र अगुवाईमा सञ्चालन गर्न सकिनेछ।

(४) आम उपभोक्ताको हित संरक्षणमा सघाउ पुग्ने गरी पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थको उत्पादन, बिक्री वितरण र उपभोग प्रवर्द्धनमा सहायक हुन सक्ने किसिमका जनचेतनामूलक श्रव्यदृष्य सामग्रीहरु (Audio-visuals) प्रकाशन, प्रसारण र वितरण गर्न सकिनेछ।

(५) जनचेतनामूलक सामग्रीहरु रेडियो, टेलीभिजन, पत्रपत्रिका तथा आम सञ्चारका माध्यमहरु मार्फत प्रचार प्रसार गरी सरोकारवालाहरुलाई सुसूचित गर्न सकिनेछ।

(६) वार्षिक स्वीकृत कार्यक्रम, बजेट र अख्तियारी मुताबिक जनचेतनामूलक सामग्रीहरुको उत्पादन र प्रचार प्रसारका लागि खर्च गर्न सकिनेछ।

(७) खर्चको मापदण्ड प्रदेश सरकार, प्रदेश नं. ५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका, २०७५ (संशोधन सहित) तथा प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-१५

## छुर्पी एवं चिज उद्योग स्थापना

२६. **कार्यक्रम सञ्चालन प्रक्रिया** : (१) वार्षिक स्वीकृत कार्यक्रम, बजेट र अख्तियारी बमोजिम सम्बन्धित कार्यालयले छुर्पी एवं चिज उद्योग स्थापना गर्नका ५०% लागत सझेदारीमा अनुसूची-१ अनुसारको ढाँचामा १५ दिने सूचना प्रकाशन गरी प्रस्तावहरु आव्हान गर्नेछ।

(२) कार्यक्रम अन्तर्गत छनौट हुने दूध तथा दुग्धजन्य उद्यमी/डेरी पसल तथा दुग्ध सहकारीहरु कार्यक्रम सञ्चालनका लागि नियमानुसार दर्ता र नविकरण भएको हुनु पर्नेछ।

(३) प्रस्तावकले अनुसूची-३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना सहितको प्रस्ताव तयार गरी अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन सूचनामा तोकिएको कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(४) कार्यक्रम सञ्चालनको लागि कार्यालयले रितपूर्वक पर्न आएका प्रस्तावहरुलाई मूल्याङ्कन समितिले अनुसूची-५ को आधारमा स्थलगत प्रमाणीकरण तथा प्रस्ताव मूल्याङ्कन गर्नेछ।

(५) कार्यक्रम कार्यान्वयन समितिले मूल्याङ्कन समितिबाट सिफारिस भएका प्रस्तावहरुको स्वीकृति उपयुक्तताको आधारमा गर्नेछ।

(६) छनौट भएको प्रस्तावकले उद्योग स्थापना गरी कम्तिमा ७ बर्षसम्म सञ्चालन गर्नुपर्नेछ। सो कार्य नगरेको पाईएमा अनुदानग्राहीबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(७) छनौट भएका प्रस्तावकहरुको स्वीकृत कार्ययोजना अनुसार अनुसूची-६ बमोजिम सम्झौता गरिनेछ।

(८) स्थापना भएका छुर्पी एवं चिज उद्योग भविष्यमा प्रदर्शन, तालिम तथा उपयुक्त प्रविधिको विस्तार तथा प्रसारको लागि प्रयोग गर्न सकिनेछ।

(९) छुर्पी एवं चिज उद्योग स्थापना सहयोग कार्यक्रम सहभागी हुने आवेदकले दैनिक २०० लि. प्रशोधित दूधबाट दुग्धजन्य पदार्थको विविधीकरण गरिरहेको हुनु पर्नेछ।

(१०) सम्बन्धित साझेदारले स्वस्थ्यकर दुग्धजन्य पदार्थ बिक्री वितरण सम्बन्धी आचार संहिता (Good Milk Handling Practice) लागू गर्ने प्रतिबद्ध हुनु पर्नेछ।

## परिच्छेद-१६

## दूध प्रशोधन तथा विविधीकरण उद्योगको लागि सहयोग कार्यक्रम

२७. **कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) कार्यालय/निर्देशनालयले दुध प्रशोधन तथा विविधीकरण उद्योग स्थापना गर्न ५०% लागत साझेदारीमा अनुसूची-१ अनुसारको ढाँचामा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।

(२) उद्योग स्थापना सहयोग कार्यक्रम सञ्चालन गर्दा दूधको कारोवारमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने दूध तथा दुग्धजन्य उद्यमी/डेरी पसल तथा दुग्ध सहकारी र निजी फार्महरुले प्राथमिकता पाउनेछन्।

(३) कार्यक्रम अन्तर्गत छनौट हुने उद्योग स्थानीय तह वा नियमानुसारको सरकारी निकायमा आधिकारिक दर्ता र नवीकरण भएको हुनु पर्नेछ। प्रस्तावकले अनुसूची-३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना सहितको प्रस्ताव तयार गरी अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन सूचनामा तोकिएको कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(४) कार्यक्रम सञ्चालनको लागि सम्बन्धित कार्यालयले रितपूर्वक पर्न आएका प्रस्तावहरुलाई मूल्याङ्कन समितिले अनुसूची-५ का आधारमा स्थलगत प्रमाणीकरण तथा प्रस्ताव मूल्याङ्कन गर्नेछ।

(५) कार्यक्रम कार्यान्वयन समितिले मूल्याङ्कन समितिबाट सिफारिस भएका प्रस्तावहरुको उपयुक्तताको आधारमा स्वीकृत गर्नेछ।

(६) छनौट भएका प्रस्तावकहरुको स्वीकृत कार्ययोजना अनुसार अनुसूची-६ बमोजिम सम्झौता गरिनेछ।

(७) उद्योग स्थापनामा सहभागी हुने आवेदकले दैनिक २००० लि. प्रशोधित दूधबाट दुग्धजन्य पदार्थको विविधीकरण गर्नु पर्नेछ।

(८) सम्बन्धित साझेदारले स्वस्थ्यकर दुग्धजन्य पदार्थ बिक्री वितरण सम्बन्धी आचार संहिता (Good Milk Handling Practice) लागू गर्ने प्रतिबद्ध हुनु पर्नेछ।

(९) छनौट भएका प्रस्तावकले उद्योग सञ्चालनका लागि मिल्क प्याकेजिङ्ग मेशिन, मिल्क पास्चुराइजर युनिट, चिलिङ्गभ्याट, क्रिम सेप्रेटर, बटरचर्नर, आइसक्रिम मेशिन, खुवा बनाउने मेशिन, पनिर बनाउने मेशिन, वातावरणीय अनुकुलित कोठा, डिस्प्ले फ्रिज लगाएत अन्य आवश्यक मेसिनरी उपकरणहरु, भित्ता र भुईमा टायल लगाउने वा मार्वल बिछ्याउने, पानी ट्याङ्की र होर्डिङ बोर्ड, दूध प्रशोधन गर्दा निस्कने फोहोर व्यवस्थापन तथा पूर्वाधार निर्माण गर्न सकिनेछ।

(१०) दुग्धजन्य पदार्थ विक्री वितरणका लागि सिसा तथा जालीको पार्टिशन तथा आवश्यक पूर्वाधार तयार गर्न सकिनेछ।

२८. <u>उद्योग छनौटको मापदण्ड</u>ः उद्योगहरुले देहाय बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछ :-

(क) उद्योग नियमानुसार दर्ता भएको हुनुपर्ने,

(ख) विगत दुई आर्थिक वर्ष भित्र सरकारी निकायहरुबाट रु १०,००,००० वा दश लाख भन्दा बढी सोही विषयमा अनुदान नलिएको,

(ग) दूध तथा दुग्धजन्य पदार्थ उत्पादन, विविधीकरण र बजारिकरणमा सङ्कलन भएको कृषक उद्यमीलाई प्राथमिकता दिईने,

(घ) आफ्नै स्वामित्वमा जग्गा भएका साझेदारी संस्थालाई प्राथमिकता दिईने,

(ङ) भाडामा भए कम्तीमा दश वर्षको लागि भाडामा लिएको सम्झौता हुनु पर्ने,

(च) साझेदार संस्थामा दैनिक २००० लि. दूध सङ्कलन वा उत्पादन गरी प्रशोधन तथा विविधीकरण गरेको हुनु पर्ने।

## परिच्छेद-१७

## पोषण सुधारको लागि सुङ्गुर/बंगुर र स्थानीय कुखुरा पालन कार्यक्रम

२९. **कार्यक्रम सञ्चालन हुने क्षेत्र :** प्रदेश सरकार, प्रदेश नं. ५ अन्तर्गत मुख्य मन्त्री ग्रामीण विकास कार्यक्रम लागू भएका स्थानीय तहहरुमा सञ्चालन हुनेछ।

३०. **कार्यक्रमका विषयगत क्षेत्रहरुः** यो कार्यक्रमको विषयगत क्षेत्र देहाय बमोजिम हुनेछ :-

(क) स्थानीय कुखुरा पालन कार्यक्रम।

(ख) बंगुर/सुङ्गुर पालन कार्यक्रम।

३१. **स्थानीय कुखुरा पालन कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) स्वीकृत वार्षिक कार्यक्रम, बजेट र अख्तियारीको परिधि भित्र रही मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम लागू भएका स्थानीय तहको समन्वयमा सिमान्तकृत समुदाय (दलित, महिला, मुक्त कमैया लगायत) लाई कार्यालयले ८०% अनुदान उपलब्ध गराउन प्राथमिकता दिई छनौट गरिनेछ।

(२) कार्यालयले साझेदारीमा कार्यक्रम सञ्चालन गर्न अनुसूची-१ अनुसारको ढाँचामा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।

(३) प्रस्तावकले अनुसूची-२ को ढाँचामा समूहले निवेदन पेश गर्नु पर्नेछ।

(४) छनौट भएका स्थानहरुलाई कार्यक्रम कार्यान्वयन समितिबाट अनुमोदन गराउनु पर्नेछ।

(५) कार्यक्रम सञ्चालन गर्न छनौट भएको स्थानीय तहको वडामा कम्तीमा १० जना कृषकहरुको ३ समूह गठन गर्ने वा सोही स्थानमा पुरानो समूह भएमा सोही समूहलाई परिचालन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

(६) प्रति कृषक ५० वटा ६ हप्ता हुर्काईएको ग्रामीण कुखुराको चल्ला वा स्थानीय कुखुराका चल्ला खरिद तथा खोर निर्माणमा अनुदान दिइनेछ।

(७) खोप र परजीवी नियन्त्रण कार्यका लागि देहाय बमोजिमको सहयोग उपलब्ध गराईनेछः-

| क.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | खोर निर्माण | संख्या | ३० | ५००० | |
| २ | चल्ला खरिद र ढुवानी | संख्या | १५०० | २२५ | कुखुरा विकास फर्म खजुरा वा ब्रुडर कृषकबाट ६ हप्ते चल्ला खरिद गर्नु पर्ने |
| ३ | औषधि,खोप, परजीवि नियन्त्रण | पटक | २ | ३७५० | |
| ४ | स्थलगत तालिम | पटक | १ | ५००० | खाजा खर्च |
| | जम्मा | | | | |

३२. <u>बंगुर/सुङ्गुर पालन कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) वार्षिक स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको परिधि भित्र रही मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम लागू भएका स्थानीय तहको समन्वयमा सीमान्तकृत समुदाय (दलित, महिला, मुक्त कमैया लगायतका) लाई प्राथमिकता दिई कार्यालयले ८०% अनुदान उपलब्ध गराउन छनौट गरिनेछ।

(२) कार्यालयले साझेदारीमा कार्यक्रम सञ्चालन अनुसूची-१ अनुसारको ढाँचामा ७ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।

(३) प्रस्तावकले अनुसूची-२ को ढाँचामा सामूहिक रुपमा निवेदन पेश गर्नु पर्नेछ।

(४) छनौट भएका स्थानहरुलाई कार्यक्रम कार्यान्वयन समितिबाट अनुमोदन गराउनु पर्नेछ।

(५) कार्यक्रम सञ्चालन गर्न छनौट भएको स्थानीय तहको एक वडामा कम्तीमा १० जना कृषकहरुको २ समूह गठन गर्ने वा सोही स्थानमा पुरानो समूह भएमा सोही समूहलाई परिचालन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

(६) बंगुर/सुङ्गुरपालन तर्फ प्रति कृषक २ पाठापाठी खरिद, खोर निर्माण, खोप, परजीवी नियन्त्रण र दाना खरिद कार्यका लागि देहाय बमोजिमको सहयोग उपलब्ध गराईनेछः-

| क्र.सं. | कार्यक्रम विवरण | इकाई | परिमाण | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | खोर निर्माण | संख्या | २० | १०००० | |
| २ | पाठापाठि खरिद र ढुवानी | संख्या | ४० | ६००० | सरकारी तथा निजी ब्रिडर फार्मबाट ४५ दिन पुगेको खरिद गर्नु पर्ने |
| ३ | औषधि,खोप, परजीवि नियन्त्रण | पटक | २ | ५००० | |
| ४ | दाना खरिद | पटक | १ | ४५००० | |
| ५ | स्थलगत तालिम | पटक | १ | ५००० | खाजा खर्च |
| | जम्मा | | | | |

(७) कार्य सम्पन्न भए पश्चात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक विल भरपाई सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्नेछ र सो अनुसार स्थलगत अनुगमन गरी लागतका आधारमा नियमानुसारको कर कट्टी गरी समूहलाई एसिपेयी चेक मार्फत भुक्तानी दिईनेछ।

(८) समूहले काम सम्पन्न गरी भुक्तानीको लागि निम्नानुसारका कागजातहरु संलग्न राखी कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ :-

(क) खरिद गरिएको सामग्री, पाठापाठी, चल्ला आदिको विल भरपाई,

(ख) खोर निर्माण गरेको फ़ोटाहरु,

(ग) स्थानीय तहको सिफ़ारिस,

(घ) काम सम्पन्न भएको अनुगमन प्रतिवेदन।

३३. <u>अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था:</u> अनुगमन तथा मूल्याङ्कन कार्यालय र स्थानीय तहले गर्नेछन्। समूहले मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन कार्यालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-१८

## <u>घाँसे बाली बीउ उत्पादनका लागि कन्टयाक्ट फार्मिङ्ग</u>

३४. **कार्यक्रम सञ्चालनका मापदण्डहरु** : घाँसे बाली बीउ उत्पादनको लागि कन्टयाक्ट फार्मिङ्ग गर्न तपसिलको मापदण्ड पुरा गर्नु पर्नेछः-

| घाँसेबाली बीउ उत्पादनको लागि कन्टयाक्ट फार्मिङ्ग खेती गर्न जग्गाको न्यूनतम मापदण्ड | | | |
|---|---|---|---|
| क.सं. | विवरण | न्यूनतम क्षेत्रफल | |
| | | तराई हेक्टर | पहाड रोपनी |
| १ | कृषक | १ | ५ |
| २ | कृषि तथा पशुपालन फार्म | ५ | १५ |
| ३ | समूह/समिति/सहकारी | ५ | २५ |

३५. <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u> : (१) कार्यक्रममा जै, भेच, बर्सिम र टियोसेन्टी घाँसको बीउ उत्पादन गर्नु पर्नेछ।

(२) घाँसे बाली बिउ उत्पादन कन्टयाक्ट फार्मिङ्गका लागि कार्यालयले लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न व्यावसायिक कृषक/कृषि तथा पशुपालन फार्म समूह/समिति/सहकारीलाई लक्षित गरी अनुसूची-१ बमोजिमको ढाँचामा १५ दिनको सूचना प्रकाशन गरी प्रस्तावहरु माग गर्नेछ।

(३) प्रस्तावकले अनुसूची-३ अनुसारका कागजातहरु संलग्न गरी अनुसूची-४ बमोजिमको ढाँचामा कार्ययोजना सहितको प्रस्ताव तयार गरी अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन सूचनामा तोकिएको कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(४) प्रस्ताव दर्ता गर्दा देहायको कागजात पेश गर्नु पर्नेछ :-

(क) सम्बन्धित निकायमा संस्था दर्ता भएको दर्ता प्रमाण-पत्रको प्रतिलिपि (व्यक्तिगत कृषकको हकमा नपर्ने),

(ख) स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि,

(ग) सम्बन्धित अनुदानग्राहीको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,

(घ) गत आ.व.को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (कृषकको हकमा नपर्ने),

(ङ) खेती गर्ने जग्गा आफ्नो भएमा लाल पुर्जाको प्रतिलिपि र जग्गा भाडामा भएमा जग्गा धनीसँग भएको सम्झौताको प्रतिलिपि,

(५) कार्यक्रम सञ्चालनको लागि रितपूर्वक पेश भएका प्रस्तावहरुको मूल्याङ्कन समितिले अनुसूची-५ को आधारमा स्थलगत प्रमाणीकरण तथा प्रस्तावहरुको मूल्याङ्कन गर्नेछ।

(६) बिउ उत्पादन गर्ने कृषक, कार्यालय र खरिद गर्ने व्यवसायी बीच आपसी समझदारीको आधारमा त्रिपक्षीय सम्झौता गराई कार्यक्रम सञ्चालन गरिनेछ।

(७) कार्यक्रम सञ्चालन गर्दा कृषकहरुलाई अनुसूची-७ बमोजिम रकम उपलब्ध गराईनेछः-

(८) स्वीकृत प्रस्तावकहरुलाई कार्यक्रम सञ्चालनको लागि कार्ययोजना स्वीकृत गरी अनुसूची-६ बमोजिम सम्झौता गरिनेछ।

(९) घाँसको उत्पादित बिउ बजारीकरण कार्यको लागि कार्यालयले तेस्रो पक्षसँग दोस्रो पक्षलाई उत्पादित बिउ विक्रीको सुनिश्चितता हुने गरी अग्रीम सम्झौता गराउनु पर्नेछ।

## परिच्छेद-२०

## समिति सम्वन्धी व्यवस्था

३६. **निर्देशक समितिः** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख | पशुपन्छी विकास महाशाखा | सदस्य सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा तीन जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

३७. **कार्यक्रम कार्यान्वयन समिति** : (१) कार्यक्रम सञ्चालनको लागि निर्देशनालयमा देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन हुनेछः-

| | | |
|---|---|---|
| (क) | निर्देशक (पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय) | संयोजक |
| (ख) | वरिष्ठ अधिकृत प्रतिनिधि (कृषि विकास निर्देशनालय) | सदस्य |
| (ग) | महाशाखा प्रमुख (पशुपन्छी विकास महाशाखा, मन्त्रालय) | सदस्य |
| (घ | शाखा प्रमुख (पशुपन्छी उत्पादन तथा बजार प्रवर्द्धन) | सदस्य |
| (ङ) | लेखा प्रमुख (पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय) | सदस्य |
| (च) | वरिष्ठ पशु विकास/वरिष्ठ पशु चिकित्सक/वरिष्ठ मत्स्य विकास अधिकृत (पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय) | सदस्य-सचिव |

(२) जिल्ला स्तरका कार्यक्रम सञ्चालनको लागि सम्बन्धित जिल्लामा देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि | कृषि ज्ञान केन्द्र | सदस्य |
| (ग) | प्रतिनिधि | जिल्ला समन्वय समिति(कृषि हेर्ने) | सदस्य |
| (घ) | अधिकृत प्रतिनिधि | प्रदेश लेखा नियन्त्रक/कोष तथा लेखा नियन्त्रक कार्यालय | सदस्य |
| (ङ) | अधिकृत | पशु विकास तथा प्रविधि प्रसार शाखा | सदस्य सचिव |

(३) कार्यक्रम कार्यान्वयन समितिले आवश्यकता अनुसार बढीमा तीन जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) यस कार्यविधिको विभिन्न दफाहरुमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्य हेरी स्वीकृत गर्ने,

(ख) कुनै वा सवै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ भने आवश्यकता अनुसार स्थलगत प्रमाणीकरण कार्य पुन गराउन सक्नेछ।

३८. **कार्यक्रम मूल्याङ्कन समिति** : (१) कार्यक्रम सञ्चालन गर्नका लागि पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गर्न निर्देशनालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ :-

| | | |
|---|---|---|
| (क) | सम्बन्धित वरिष्ठ अधिकृत, निर्देशनालय | संयोजक |
| (ख) | शाखा प्रमुख, पशुपन्छी तथा बजार प्रवर्द्धन शाखा, निर्देशनालय | सदस्य |

(ग) मत्स्य विकास अधिकृत,मत्स्य विकास शाखा, निर्देशनालय सदस्य
(घ) लेखा प्रमुख, निर्देशनालय सदस्य
(ङ) सम्बन्धित अधिकृत सदस्य-सचिव

(२) जिल्लामा सञ्चालन हुने कार्यक्रम सञ्चालनका लागि पेश भएका प्रस्तावहरुको मूल्याङ्कन गर्न सम्बन्धित जिल्लामा देहाय बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ :-

| | | | |
|---|---|---|---|
| (क) | पशु विकास अधिकृत | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | संयोजक |
| (ख) | अधिकृत प्रतिनिधि | कृषि ज्ञान केन्द्र | सदस्य |
| (ग) | पशु सेवा प्राविधिक | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | सदस्य सचिव |

(३) मूल्याङ्कन समितिले बढीमा तीन जना कुनै विज्ञ, विषेशज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) यस कार्यविधिको विभिन्न दफाहरुमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) पेश भएका प्रस्तावहरुको अनुसूची-५ बमोजिम मूल्याङ्कन गरी छनौट तथा स्वीकृतिको लागि कार्यक्रम कार्यान्वयन समिति समक्ष पेश गर्ने,

(ख) स्थलगत प्रमाणीकरण गर्ने/गराउने,

(ग) स्थलगत प्रमाणीकरणबाट प्राप्त रिर्पोटको आधारमा मूल्याङ्कन गरी कार्यक्रम कार्यान्वयन समितिमा सिफारिस गर्ने र

(घ) कार्यक्रम कार्यन्वयन समितिले निर्देशन गरेका कामहरु गर्ने।

## परिच्छेद-२१

## भुक्तानी प्रक्रिया

३९. भुक्तानीको लागि पेश गर्नु पर्ने कागजातः (१) कार्यक्रममा सहभागी कृषक/समूह/समिति/ सहकारी तथा निजी फार्मले काम सम्पन्न गरी भुक्तानीको लागि निम्नानुसारका कागजातहरु संलग्न राखी कार्यालय/निर्देशनालयमा निवेदन पेश गर्नु पर्नेछ। यसरी भुक्तानीका लागि निवेदन पेश गर्दा देहाय बमोजिमको कागजातहरु संलग्न राखि पेश गर्नु पर्नेछ :-

(क) सम्झौता-पत्रको प्रतिलिपि र कार्यदिशको प्रतिलिपि,

(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिए बमोजिमको क्रियाकलापमा गरिएको खर्चको विवरण,

(ग) निर्माण कार्यका लागि प्राविधिकले तयार गरेको बिल,

(घ) कार्यसम्पन्न प्रतिवेदन र नापी कितावको सक्कल प्रतिलिपि,

(ङ) विल विजकहरुको सक्कल प्रति,

(च) तयार गरिएको संरचना तथा खरिद गरिएका उपकरणहरुको फोटो,

(छ) फार्ममा रहेका पशुवस्तुको बिमा गरिएको कागजातहरुको प्रतिलिपि,

(ज) अनुदानग्राहीले कार्यसम्पन्न गरेको प्रतिवेदन,

(झ) स्थानीय तहको सिफारिस,

(ञ) साझेदार संस्थाको लेटरप्याडमा लिखित निवेदन,

(ट) सूचनापाटी/होर्डिङ्ग बोर्डको फोटो,

(ठ) सार्वजनिक सुनुवाईको माईन्युटको प्रतिलिपि,

(ड) आवश्यक निर्णयहरुको प्रतिलिपि आदी।

(२) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदनको आधारमा कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिले सिफारिस पश्चात अनुदान रकम उपलब्ध गराईनेछ।

४०. <u>रकम उपलब्ध गरिने आधारहरु :</u> अनुदानग्राहीलाई देहाय बमोजिमको आधारमा रकम भुक्तानी गरिनेछः-

(क) कार्यक्रम सञ्चालनको लागि पेश्की रकम उपलब्ध गराईने छैन।

(ख) कार्यप्रगति र कार्यसम्पन्नता पश्चात मात्र रकम भुक्तानी दिईनेछ।

(ग) एकै प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरी समावेश गराईने छैन।

(घ) कार्यक्रम सञ्चालनको लागि विगत दुई वर्ष भित्र सोही विषयमा अनुदान प्राप्त गरेकाहरुलाई अनुदान कार्यमा सहभागी गराईने छैन।

(ङ) स्वीकृत कार्ययोजनामा उल्लेख गरिएका क्रियाकलापमा बाहेक अन्य कार्यको खर्चमा रकम उपलब्ध हुनेछैन।

(च) भुक्तानी कार्यक्रम सञ्चालनको लागि खर्च भएको विवरण दुरुस्त राख्नु पर्नेछ।

(छ) कार्यसम्पन्न भएपश्चात अनुदानग्राहीले कार्यसम्पन्न प्रतिवेदन र आवश्यक विल भरपाई सहित तोकिएको समय भित्र भुक्तानी माग गर्नु पर्नेछ।

(ज) भुक्तानीका लागि पेश भएका निवेदनहरुको स्थलगत अनुगमन गरी प्रतिवेदनका आधारमा कानून बमोजिम कर तथा कन्टिन्जेन्सी रकम कट्टा गरी अनुदानग्राहीलाई एसिपेयी चेक मार्फत भुक्तानी दिईनेछ।

## परिच्छेद-२१

## विविध

४१. **अनुगमन, मुल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः** कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, कार्यालय र आवश्यकता अनुसार स्थानीय तहहरुले गर्नेछन। अनुदानग्राहीहरुले मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलव्धीहरु तोकिएको निकाय वा कार्यालयमा पठाउनु पर्नेछ।

४२. **थपघट वा हेरफेर** : "पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६" को कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन निर्देशनालय, कार्यालयले आवश्यकता अनुसार कार्यविधिमा थपघट, हेरफेर तथा बाधा फुकाउन आवश्यक भएमा मातहतका निकायहरुले मन्त्रालयमा पेश गर्न सक्नेछन् र यसको अन्तिम निर्णय मन्त्रालयको हुनेछ।

## अनुसूची-१

(दफा ६ को उपदफा (२), दफा ९ को उपदफा (१), दफा ११ को उपदफा (२), दफा १३ को उपदफा (२), दफा १६ को उपदफा (५), दफा १७ को उपदफा (२), दफा १९ को उपदफा (१), दफा २१ को उपदफा (१), दफा २२ को उपदफा (२), दफा २६ को उपदफा (१), दफा २७ को उपदफा (१), दफा ३१ को उपदफा (२), दफा ३२ को उपदफा (२), र दफा ३५ को उपदफा (२) सँग सम्बन्धित)

**प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

प्रदेश सरकार

प्रदेश नं. ५

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ........**

**प्रस्ताव आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७../..../..... गते

यस मन्त्रालयको आ.व.२०७.../ ... को स्वीकृत वार्षिक कार्यक्रम ........................अनुसार निम्न लिखित कार्यक्रमहरु पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक व्यावसायिक फार्म, कम्पनी, निजी उद्यमी, कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| **क्र.स.** | **कार्यक्रम** | **संख्या** | **कुल अनुदान रकम रु** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची–२

(दफा ६ को उपदफा (३), दफा ११ को उपदफा (२), दफा १३ को उपदफा (३), दफा १६ को उपदफा (६), दफा १७ को उपदफा (३), दफा १९ को उपदफा (२), दफा २१ को उपदफा (४), दफा २२ को उपदफा (३), दफा २६ को उपदफा (३), दफा २७ को उपदफा (३), दफा ३१ को उपदफा (३), दफा ३२ को उपदफा (३) र दफा ३५ को उपदफा (३) सँग सम्बन्धित)

**निवेदनको ढाँचा**

श्रीमान् कार्यालय प्रमुखज्यू
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
.....................।

**विषयः कार्ययोजना पेश गरिएको सम्बन्धमा।**

महोदय,

उपर्युक्त विषयमा त्यस कार्यालयको मिति २०७ .../ ... /.... गते का दिन ...........मा प्रकाशित सूचना अनुसार म/हामी निवेदकले ......................... कार्यक्रम अन्तरगतको कार्यक्रम सहकार्यमा सञ्चालन गर्न इच्छुक भई अनुसूची-३ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं।

निवेदकः
नामः
ठेगानाः
फर्मको नामः
दस्तखतः
मितिः
सम्पर्क नं.:

## अनुसूची– ३

(दफा ६ को उपदफा (३), दफा ११ को उपदफा (२), दफा १३ को उपदफा (३), दफा १६ को उपदफा (६), दफा १७ को उपदफा (३), दफा १९ को उपदफा (२), दफा २१ को उपदफा (४), दफा २२ को उपदफा (३), दफा २६ को उपदफा (३), दफा २७ को उपदफा (३) र दफा ३५ को उपदफा (३) सँग सम्बन्धित)

सँग सम्बन्धित)

**व्यावसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रतिलिपि

१. अनुसूची-२ अनुसारको ढाँचामा निवेदन

२. अनूसूची-४ अनुसार विस्तृत व्यावसायिक कार्ययोजना

३. जग्गाको स्वामित्व देखिने कागजात (भाडामा भए ५ वर्षको सम्झौता-पत्रको प्रतिलिपि)

४. प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि

५. स्थायी लेखा नम्बर/भ्याटमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि

६. प्रस्तावकले कम्तिमा ............. प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता-पत्र

७. निर्माण कार्यको हकमा प्रस्ताव अनुसारको डिजाइन तथा लागत अनुमान

८. शैक्षिक योग्यता, तालिम, अनुभव तथा बैदेशिक रोजगारीबाट फर्केको प्रमाणित प्रतिलिपि

९. बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र

१०. औजार उपकरण खरिदको हकमा कोटेसन।

# अनुसूची – ४

(दफा ६ को उपदफा (३), दफा ११ को उपदफा (२), दफा १३ को उपदफा (३), दफा १६ को उपदफा (६), दफा १७ को उपदफा (३), दफा १९ को उपदफा (२) र दफा २१ को उपदफा (४), दफा २२ को उपदफा (३), दफा २६ को उपदफा (३), दफा २७ को उपदफा (३) र दफा ३५ को उपदफा (३) सँग सम्बन्धित)

## कार्यक्रमको संक्षिप्त व्यावसायिक कार्ययोजना

कार्यक्रमको नामः जिल्लाः गा.पा./न.पा./उ.न.पा.:

वडा नं.: टोलः गाउँः

फर्मको नामः सञ्चालकको नामः मो.नं/ टे.नं.:

१. व्यावसायको परिचयः

२. उद्देश्यहरु :

३. पशुपन्छी पालन व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरु :

६. तालिम सम्बन्धी विवरण :

७. सहकार्यमा सञ्चालन गरिने प्रस्तावित कार्य विवरणः

| क.सं. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान रु | निजी लगानी रु. | अन्य निकायबाट हुने अनुदान रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| जम्मा | | | | | |

८. सञ्चालन हुने कार्यक्रमको वातावरणीय उपयुक्तता (प्रभाव पार्ने वा नपार्ने)

९. उत्पादित वस्तुको बजार योजनाः

१०. थप आधारहरुः

- उपलब्ध जग्गाको क्षेत्रफल .......................
- कार्यक्रमको स्पष्टता ................................
- अपेक्षित वार्षिक प्रतिफल

कार्ययोजना पेश गर्नेः

फर्म/कृषकको नाम :

ठेगानाः जिल्ला ........ गाउँपालिका/नगरपालिका/ उप महानगरपालिका ... /वार्ड न. .... टोल ...

फर्म सञ्चालन गरिने स्थानः

फर्म/कृषकको तर्फबाट सही गर्नेको

नामः

दस्तखतः

पदः

मितिः

# अनुसूची-५

(दफा ९ को उपदफा (५), दफा ११ को उपदफा (३), दफा १३ को उपदफा (४), दफा १६ को उपदफा (७), दफा १७ को उपदफा (५), दफा १९ को उपदफा (४), दफा २१ को उपदफा (५), दफा २२ को उपदफा (४), दफा २६ को उपदफा (४), दफा २७ को उपदफा (४), दफा ३५ को उपदफा (५) र दफा ३८ को उपदफा (४) को खण्ड (क) सँग सम्बन्धित)

## प्रस्ताव मूल्याङ्कनका आधारहरु

१. जिल्लाः

२. आवेदक संस्थाको नामः

३. कार्यक्रम सञ्चालन स्थलको ठेगानाः

४. प्रस्तावित कार्यक्रमको नामः

५. मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | विवरण | भार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | १० | | |
| १.१ | सडक सुविधा भएको | २ | | |
| १.२ | बिजुली सुविधा भएको | २ | | |
| १.३ | पानीको सुविधा भएको | २ | | |
| १.४ | जग्गाको स्वामित्व | ४ | | |
| १.४.१ | निजि फर्म /संस्थाको नाममा भएको | ४ | | |
| १.४.२ | निजि जग्गा भाडामा लिएको | २ | | |
| १.४.३ | सार्वजनिक जग्गा भाडामा लिएको | ३ | | |
| २ | **व्यवसाय सम्वन्धी अनुभव** | **५** | | |
| २.१ | ३ वर्ष भन्दा कम | ३ | | |
| २.२ | ३-५ वर्ष सम्म | ४ | | |
| २.३ | ५ वर्ष भन्दा माथि | ५ | | |
| ३ | **प्राविधिक दक्षता/सम्बन्धित विषयको तालिम (प्रस्तावित कामदारको मात्र)** | **५** | | |
| ३.१ | ३ दिन अवधी सम्मको तालिम | २ | | |
| ३.२ | ३ देखी ७ दिने अवधि सम्मको तालिम | ३ | | |
| ३.३ | ७ देखि १५ दिने अवधि सम्मको तालिम | ४ | | |
| ३.४ | १५देखि माथि अवधि सम्मको तालिम | ५ | | |
| ४ | **वित्तीय क्षमता** | **१०** | | |
| ४.१ | कूल लगानीको ७० प्रतिशत भन्दा माथि लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | १० | | |

| | | | | |
|---|---|---|---|---|
| ४.२ | कूल लगानीको ५५-७० प्रतिशत सम्म लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | ८ | | |
| ४.३ | कूल लगानीको ५०-५५ प्रतिशत सम्म लगानीको प्रतिबद्धता-पत्र (बैङ्क स्टेटमेन्ट वा बैङ्कको ऋण स्वीकृति/प्रतिवद्धता-पत्र) | ६ | | |
| **५** | **रोजगारीको अवस्था (प्रस्तावित)** | **५** | | |
| ५.१ | कम्तीमा ३ जना सम्म | ३ | | |
| ५.२ | ३ जना भन्दा माथि | ५ | | |
| ६ | **वातावरणीय उपयुक्तता (प्रस्तावित)** | **५** | | |
| ६.१ | प्रस्तावित कार्यक्रमको वातावरणीय प्रभाव आङ्कलन गरिएको | २ | | |
| ६.२ | वातावरणीय प्रभाव न्यूनिकरणका उपायहरु सामेल गरिएको | ३ | | |
| ७ | **उत्पादित वस्तुको बजार योजना** | **१५** | | |
| ७.१ | आफ्नै पहलमा उत्पादित वस्तुहरुको बजारीकरण सुनिश्चितता (आफ्नै आउटलेट भएको) | १५ | | |
| ७.२ | समूह/सहकारी/संस्थागत तरिकाले उत्पादित वस्तुको बजारीकरण | १२ | | |
| ७.३ | बजारीकरणको योजना स्पष्ट नभएको | १० | | |
| ८ | **व्यावसायिक कार्य योजनाको स्पष्टता (कार्य योजना, जलवायु अनुकुलन, लगानी प्रतिफल र दिगोपना)** | ३० | | |
| ८.१ | उत्तम | ३० | | |
| ८.२ | राम्रो | २० | | |
| ८.३ | ठिकै | १५ | | |
| ९. | **जैविक सुरक्षाको व्यवस्थापन** | **१०** | | |
| ९.१ | राम्रो | १० | | |
| ९.२ | ठिकै | ७ | | |
| **१०** | **शैक्षिक योग्यता** | **३** | | |
| १०.१ | SEE सम्म | २ | | |
| १०.२ | SEE भन्दा माथि | ३ | | |
| **११** | **बैदेशिक रोजगारीको अनुभव (कम्तिमा १ वर्ष)** | २ | | |
| | **जम्मा** | १०० | | |

**नोटः स्थलगत अनुगमन गर्दा उल्लेखित वुद्धाहरु पेश गरिएका कागजातहरु र अन्य सामाजिक तथा वातावरणीय प्रभावको समेतलाई ध्यान दिई मूल्याङ्कन गरिनेछ।**

६. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरुः

क)

ख)

७. स्थलगत अनुगमन टोलीको रायः

| क.सं. | पद | राय दिनेको नाम, थर | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ | | |
| १ | | | | | | | |
| २ | | | | | | | |

## अनुसूची–६

(दफा ६ को उपदफा (४), दफा ९ को उपदफा (६), दफा ११ को उपदफा (४), दफा १३ को उपदफा (५), दफा १६ को उपदफा (८), दफा १७ को उपदफा (६), दफा १९ को उपदफा (५), दफा २१ को उपदफा (७), दफा २२ को उपदफा (६), दफा २६ को उपदफा (७), दफा २७ को उपदफा (६) र दफा ३५ को उपदफा (८) सँग सम्बन्धित)

### सम्झौता-पत्रको ढाँचा

आर्थिक वर्ष .../... ... मा सञ्चालन हुने ...................... कार्यक्रमको लागी भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ... ... ... (यस पछी प्रथम पक्ष भनिने) र छनौट भएका कृषक/समूह/समिति/सहकारी ... ... ... ... ... (यस पछी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रहि कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ।

**शर्तनामाहरुः**

१. प्रथम पक्षले लागत साझेदारमा ............ कार्यक्रमको लागि कूल लागतरु. ... ... ... मध्ये अनुदान वापत रु. ... ... ... ... ... दोस्रो पक्षलाई रु. ... ... ... ... ... (अक्षरुपी रुपैंयाँ ... ... ... ... ... ... ... .. ...) अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ।

२. दोश्रोपक्षले बाँकी रकमको व्यवस्था गरी....... जिल्ला,.........गाँउपालीका/नगरपालिका वडा नं .......,मा ........ साल .......महिना भित्र सम्पन्न गर्नेछ।

३. दोश्रोपक्षले प्रथमपक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाईन र ईस्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी सम्पन्न गर्नेछ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन,अन्तिम बिल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सवै प्राविधिक कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ।

५. दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट बिल, दाखिला प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथमपक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे कार्यप्रगतिको आधारमा दुई किस्ता /कार्यसम्पन्नको आधारमा एकमुष्ठ दोश्रोपक्षलाई एसिपेयी चेक मार्फत भुक्तानी दिईनेछ।

६. प्रथम पक्षले कुनैपनि बखत संचालित कार्यको अनुगमन/ निरिक्षण गरी सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ।

७. दोश्रोपक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरी राख्नेछ।

८. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा) कार्यक्रमको प्रगती, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथमपक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसि सहमति अनुसार हुनेछ।

११. सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१२. द्विपक्षिय सम्झौता मुताबिकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा पथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोश्रो पक्षवाट सरकारी बाँकी सरह असुल उपरको प्रक्रिया अगाडी बढाउन सक्नेछ।

१३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताबिकको डिजाइन, ईस्टिमेट र दरभाउ मेशिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्मन्न गर्नेछ। यसो नगरेको खण्डमा प्रथम पक्ष रकम भुक्तानी दिन बाध्य हुने छैन।

१४. प्रथम पक्ष र दोश्रो पक्ष बीच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरु रहनेछन।

i. प्रथम पक्षले व्यहोर्ने लागत रु ............
ii. दोश्रो पक्षले व्यहोर्ने लागत रु ............
iii. अन्य श्रोतबाट प्राप्त लागत रु................
iv. कन्टेन्जेन्सी रकम रु ............(यो रकम विशेषज्ञको परामर्श सेवा, मर्मत संभार र निर्माणकार्यको सुपरभिजन प्राविधिक सेवा हेरालु कार्यमा मात्र खर्च गर्न सकिनेछ)
v. प्रस्तावनाको कुल लागत रु ................

**प्रथम पक्षको तर्फबाट**

नामः

पदः

दस्तखतः

मितिः

कार्यालयको छाप

नामः

पदः

दस्तखतः

मितिः

कार्यालयको छाप

इतिसम्वत् ...... ... ...... साल ...... ... महिना ...... गतेरोज ...... शुभम्।

नोटः द्विपक्षीय सम्झौतामा आवश्यकता मुताविकको अन्य सान्दर्भिक बुँदाहरु थप गर्न सकिनेछ।

अनुसूची-७

(दफा १९ को उपदफा (७) र दफा ३५ को उपदफा (७) सँग सम्बन्धित)

तालिका नं. १

| एक हेक्टर तथा बीस रोपनी जग्गामा मकै खेतीको लागि लाग्ने खर्चको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | इकाई | परिमाण | दर | जम्मा |
| १ | जग्गा भाडा | हेक्टर | १ | १५००० | १५००० |
| २ | जमिनको तयारी | पटक | २ | ५००० | १०००० |
| ३ | मकैको वीउ खरिद | के.जी. | ३० | १०० | ३००० |
| ४ | रसायनिक मल | | | | |
| ४.१ | यूरिया | के.जी. | १०० | २० | २००० |
| ४.२ | डि.ए.पि | के.जी. | ६० | ५० | ३००० |
| ४.३ | पोटास | के.जी. | ५० | ४० | २००० |
| ५ | गोठेमल/कम्पोष्ट मल | | लमसम | स्थानीय दररेट अनुसार | १५००० |
| ६ | सिंचाई | पटक | ५ | १४०० | ७००० |
| ७ | गोडमेल | पटक | २ | ६००० | १२००० |
| ८ | वाली संरक्षण सेवा | पटक | १ | २००० | २००० |
| ९ | बाली कटानी सम्बन्धी कार्य | पटक | १ | ९००० | ९००० |
| १० | अन्य व्यवस्थापकीय खर्च | पटक | १ | ५००० | ५००० |
| १ | जम्मा खर्च रु | | | | ८५००० |
| एक हेक्टर वा बीस रोपनी जग्गामा मकै खेती गरेमा माथि उल्लेखित खर्चलाई आधार मानि कूल लागतको ५० प्रतिशतले हुन आउने रकम उपलब्ध गराईनेछ भने बाँकी ५० प्रतिशत अनुदानग्राहीले व्यहोर्नु पर्नेछ। | | | | | ४२५०० |

तालिका नं. २

| एक हेक्टर तथा बीस रोपनी जग्गामा भटमास खेतीको लागि लाग्ने खर्चको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | इकाई | परिणाम | दर | जम्मा |
| १ | जग्गा भाडा | हेक्टर | १ | १५००० | १५००० |
| २ | जमिनको तयारी | पटक | २ | ५००० | १०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | भटमासको वीउ खरिद | के.जी. | ६० | १५० | ९००० |
| ४ | रसायनिक मल | | | | |
| ४.१ | यूरिया | के.जी. | | | |
| ४.२ | डि.ए.पि | के.जी. | ८० | ५० | ४००० |
| ४.३ | पोटास | के.जी. | ५० | ४० | २००० |
| ५ | गोठेमल/कम्पोष्ट मल | | लमसम | स्थानीय दररेट अनुसार | १५००० |
| ६ | सिंचाई | पटक | २ | २००० | ४००० |
| ७ | गोडमेल | पटक | २ | ६००० | १२००० |
| ८ | वाली संरक्षण सेवा | पटक | २ | २००० | ४००० |
| ९ | बाली कटानी सम्बन्धी कार्य | पटक | १ | ५००० | ५००० |
| १० | अन्य व्यवस्थापकिय खर्च | पटक | १ | ५००० | ५००० |
| | जम्मा खर्च रु | | | | ८५००० |
| | एक हेक्टर वा बीस रोपनी जग्गामा भटमास खेती गरेमा माथि उल्लेखित खर्चलाई आधार मानि कूल लागतको ५० प्रतिशतले हुन आउने रकम अनुदान उपलब्ध गराईनेछ भने बाँकी ५० प्रतिशत अनुदानग्राहीले ब्यहोर्नु पर्नेछ। | | | | ४२५०० |

तालिका नं. ३

| एक हेक्टर वा बीस रोपनी जग्गामा जै घाँसको बिउ खेतीको लागि लाग्ने खर्चको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | इकाई | परिमाण | दर | जम्मा |
| १ | जमिनको तयारी | पटक | ३ | ४००० | १२००० |
| २ | घाँसको बिउ खरिद | | | | |
| २.१ | जै घाँस | के.जी. | १०० | १०० | १०००० |
| ३ | रासायनिक मल खरिद | | | | |
| ३.१ | यूरिया | के.जी. | १०० | २० | २००० |
| ३.२ | डि.ए.पी. | के.जी. | ६० | ५० | ३००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | गोठेमल/कम्पोष्ट मल | | लमसम | स्थानीय दररेट अनुसार | १५००० |
| ५ | सिंचाई | पटक | ५ | १४०० | ७००० |
| ६ | बिउ उत्पादन सम्बन्धी कार्य | पटक | १ | ९००० | ९००० |
| ७ | अन्य व्यवस्थापकिय खर्च | पटक | १ | २००० | २००० |
| | जम्मा खर्च रु | | | | ६०००० |
| एक हेक्टर वा बीस रोपनी जग्गामा बिउ उत्पादन गरेमा माथि उल्लेखित खर्चलाई आधार मानि कूल लागतको ५० प्रतिशतले हुन आउने रकम अनुदान उपलव्ध गराईनेछ भने बाँकी ५० प्रतिशत अनुदानग्राहीले ब्यहोर्नु पर्नेछ। | | | | | ३०००० |

तालिका नं.४

| एक हेक्टर तथा बीस रोपनी जग्गामा बर्षिम घाँसको बिउ खेतीको लागि लाग्ने खर्चको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | इकाई | परिमाण | दर | जम्मा |
| १ | जमिनको तयारी | पटक | ३ | ४००० | १२००० |
| २ | घाँसको बिउ खरिद | | | | |
| २.१ | बर्षिम घाँस | के.जी. | २५ | ३०० | ७५०० |
| ३ | रासायनिक मल खरिद | | | | |
| ३.१ | यूरिया | के.जी. | २५ | २० | ५०० |
| ३.२ | डि.ए.पी. | के.जी. | ६० | ५० | ३००० |
| ४ | गोठे मल/कम्पोष्ट मल | | लमसम | स्थानीय दररेट अनुसार | १५००० |
| ५ | सिंचाई | पटक | ५ | १४०० | ७००० |
| ६ | बिउ उत्पादन सम्बन्धी कार्य | पटक | १ | ९००० | ९००० |
| ७ | अन्य व्यवस्थापकिय खर्च | पटक | १ | २००० | २००० |
| | जम्मा खर्च रु | | | | ५६००० |
| एक हेक्टर वा बीस रोपनी जग्गामा बिउ उत्पादन गरेमा माथि उल्लेखित खर्चलाई आधार मानि कूल लागतको ५० प्रतिशतले हुन आउने रकम अनुदान उपलव्ध गराईनेछ भने बाँकी ५० प्रतिशत अनुदानग्राहीले ब्यहोर्नु पर्नेछ। | | | | | २८००० |

तालिका नं.५

| एक हेक्टर तथा बीस रोपनी जग्गामा टियोसेन्ट्रि घाँसको बिउ खेतीको लागि लाग्ने खर्चको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि .नं. | विवरण | इकाई | परिमाण | दर | जम्मा |
| १ | जमिनको तयारी | पटक | ३ | ४००० | १२००० |
| २ | घाँसको बिउ खरिद | | | | |
| २.१ | टियोसेन्ट्रि घाँस | के.जी. | ४० | १२० | ४८०० |
| ३ | रासायनिक मल खरिद | | | | |
| ३.१ | यूरिया | के.जी. | १२५ | २० | २५०० |
| ३.२ | डि.ए.पी. | के.जी. | ६० | ५० | ३००० |
| ४ | गोठेमल/कम्पोष्ट मल | | लमसम | स्थानीय दररेट अनुसार | १५००० |
| ५ | सिंचाई | पटक | ५ | १४०० | ७००० |
| ६ | बिउ उत्पादन सम्बन्धी कार्य | पटक | १ | ९२०० | ९२०० |
| ७ | अन्य व्यवस्थापकिय खर्च | पटक | १ | २५०० | २५०० |
| | जम्मा खर्च रु | | | | ५६००० |
| एक हेक्टर वा बीस रोपनी जग्गामा बिउ उत्पादन गरेमा माथि उल्लेखित खर्चलाई आधार मानि कूल लागतको ५० प्रतिशतले हुन आउने रकम अनुदान उपलव्ध गराईनेछ भने बाँकी ५० प्रतिशत अनुदानग्राहीले ब्यहोर्नु पर्नेछ। | | | | | २८००० |

तालिका नं.६

| एक हेक्टर तथा बीस रोपनी जग्गामा भेच घाँसको बिउ खेतीको लागि लाग्ने खर्चको विवरण | | | | | |
|---|---|---|---|---|---|
| सि .नं. | विवरण | इकाई | परिमाण | दर | जम्मा |
| १ | जमिनको तयारी | पटक | ३ | ४000 | १२००० |
| २ | घाँसको बिउ खरिद | | | | |
| २.१ | भेच घाँसको बिउ | के.जी. | ४० | १२० | ४८०० |
| ३ | रासायनिक मल खरिद | के.जी. | | | |
| ३.१ | यूरिया | के.जी. | २५ | २० | ५०० |
| ३.२ | डि.ए.पी. | के.जी. | ६० | ५० | ३००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | गोठेमल/कम्पोष्ट मल | | लमसम | स्थानीय दररेट अनुसार | १५००० |
| ५ | सिंचाई | पटक | ५ | १४०० | ७००० |
| ६ | बिउ उत्पादन सम्बन्धी कार्य | पटक | १ | ९००० | ९००० |
| ७ | अन्य व्यवस्थापकिय खर्च | पटक | १ | २२०० | २२०० |
| | जम्मा खर्च रु | | | | ५३५०० |
| एक हेक्टर वा बीस रोपनी जग्गामा बिउ उत्पादन गरेमा माथि उल्लेखित खर्चलाई आधार मानि कूल लागतको ५० प्रतिशतले हुन आउने रकम अनुदान उपलव्ध गराईनेछ भने बाँकी ५० प्रतिशत अनुदानग्राहीले ब्यहोर्नु पर्नेछ। | | | | | २६७५० |